# लिखु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

# स्थानीय राजपत्र


| खण्ड ५ | संख्या : २, नुवाकोट | साउन १७ गते, २०७८ साल |
|---|---|---|


## भाग २

## लिखु गाउँपालिका

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०४।१५

# लिखु गाउँपालिकाको वर्षात्को समयमा बगेर आउने नदीजन्यपदार्थ (वालुवा) को व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

## प्रस्तावना

लिखु गाउँपालिका भित्रका तादी र लिखु खोला तथा आसपासका अन्य खहरे हरुमा वर्षात्को समयमा बगेर आउने वालुवा खोलाको निश्चित् स्थानहरुमा जम्मा हुने गरेको र उक्त जम्मा भएका बालुवा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको आधारमा उत्खनन एवं संकलन गरी सो को विक्रिवितरण गरी गाउँपालिकाको राजस्व वृद्धिमा टेवा पु¥याउनको लागि उचित व्यवस्थापन गर्नुपर्ने भएकोले,

तादी र लिखुखोलाको आसपासमा बसोवास गर्दै आएका र सोही खोलाले वर्षेनी आफ्नो जमिन क्षति पु¥याई पिडित भएका नागरिकहरु जसले वर्षौदेखि सोही खोलाको बालुवा विक्रीवितरण गरी गुजारा चलाइरहेका छन्, उनीहरुको आय आर्जनमा थोरै भएपनि टेवा पु¥याउने हेतुले,

लिखु गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ को परिच्छेद ८ दफा ५७ को उपदफा २ एवं ढुंगा गिटी वालुवाउत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्तनाम र प्रारम्भ :**

क) यस कार्याविधिको नाम **लिखु गाउँपालिकाको वर्षात्को समयमा बगेर आउने नदीजन्य पदार्थ (वालुवा) को व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८** रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) अध्यक्ष भन्नाले लिखु गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

ख) उपाध्यक्ष भन्नाले लिखु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ग) गाउँपालिका भन्नाले लिखु गाउँपालिका सम्झनु पर्छ।

घ) वडा अध्यक्ष भन्नाले लिखु गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ।

ङ) मापदण्ड भन्नाले ***ढुंगा गिटी वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७*** सम्झनुपर्दछ।

च) वर्षात्को समय भन्नाले आषाढ, श्रावण र भाद्र महिना सम्झनुपर्दछ।

**३. वर्षात्को सयममा वालुवा उत्खनन् सम्बन्धी व्यवस्था :**

क) गाउँपालिकाले प्रत्येक वर्ष विशेष गरी तादी र लिखु खोलामा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित संकलन क्षेत्र एवं थप पहिचान हुने अन्य क्षेत्रहरु तोकि उक्त क्षेत्रहरुमा वर्षात्को समयमा बगेर आई थुप्रिने वालुवा श्रममुलक प्रविधिको प्रयोग गरी उत्खनन् गर्ने व्यवस्था मिलाउनेछ ।

ख) वालुवा उत्खनन् गर्दा श्रममुलक प्रविधिको उपयोग गरी घरेलु हाते औजार (कुटो, कोदालो, सावेल आदि) मात्र प्रयोग गर्न पाइनेछ ।

ग) वालुवा उत्खनन् र संकलनकार्य विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र गर्न सकिनेछ ।

घ) गाउँपालिकाले तोकेको स्थानबाट मात्र वालुवा संकलन गर्न पाइनेछ ।

ङ) वालुवा उत्खनन्, संकलन र विक्रीवितरण कार्यमा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

च) वालुवा उत्खनन् र संकलनकार्यमा संलग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्नेछ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षात्को समयमा खोलाले बगाई मानवीय क्षति हुनगएमा सो को जिम्मेवार अनुमति प्राप्त व्यक्ति र स्वयं कामदार हुनुपर्नेछ ।

छ) खोलाको वहाव परिवर्तन हुने गरी वालुवा उत्खनन् र संकलन गर्न पाइने छैन ।

ज) वालुवा उत्खनन् गर्ने स्थलमा सबैले देख्ने गरी सूचना पाटी राख्नुपर्नेछ ।

**४. वालुवा उत्खनन्, संकलन र विक्रीवितरण प्रकृया :**

१.गाउँपालिकाभित्रका तादी, लिखु खोला एवं आसपासका खोल्चाहरुबाट बर्षात्को समयमा बगाई ल्याएको वालुवाको शुल्क देहाय बमोजिम अशुल उपर गरिनेछ ।

क) गाउँपालिकाले नदीजन्य पदार्थहरुको कर संकलनको लागि ठेक्का बन्दोवस्त गरेको अवस्थामा सोही ठेकेदार मार्फत प्रचलित दररेटमा विक्री शुल्क अशुल गरिनेछ । तर ठेक्का बन्दोवस्त नभएको अवस्थामा कर्मचारीहरु मार्फत उक्त शुल्क अशुल गरिनेछ ।

ख) ठेकेदार मार्फत शुल्क अशुल गरिएको अवस्थामा कति परिमाणको नदीजन्य पदार्थहरुको लागि ठेक्का सकार भएको हो, सो परिमाणमा वर्षात्को समयमा विक्रिवितरण भएको वालुवाको कुल परिमाण समेत समावेश हुने गरी परिमाण मिलान गरिनेछ ।

ग) वर्षात्को समयमा बगाइ ल्याएको वालुवा उत्खनन् र संकलनको लागि इच्छुक व्यक्तिहरुले सम्बन्धित वडा कार्यालयको सिफारिस र नागरिकता प्रमाण पत्रको प्रतिलीपी संलग्न गरी गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दर्ता गराउन सक्नेछन् । यसरी निवेदन दिंदा आफुले संकलन गर्न चाहेको क्षेत्र, परिमाण र समय सीमा तोकि अनुमति माग गर्नुपर्नेछ ।

घ) अनुमति माग भएको कागजात पेश भएपछि देहायको समितिबाट वालुवा उत्खनन् क्षेत्र, उत्खनन् परिमाण, प्राथमिकता समेतको आधारमा आवश्यक जाँचबुझ गरी अध्यक्ष समक्ष अनुमतिको लागि सिफारिस गर्नेछ ।

१.उपाध्यक्ष, लिखु गाउँपालिका संयोजक

२. प्रमुख, पूर्वाधार विकास शाखा, लिखु गाउँकार्यपालिकाको कार्यालय सदस्य

३. प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन इकाई, लिखु गाउँकार्यपालिकाको कार्यालय, सदस्य सचिव

ङ) उक्त समितिको सिफारिस बमोजिम अध्यक्षले वालुवा संकलनको परिमाण, समय अवधि तोकी अनुसूची १ बमोजिमको ढाचामा अनुमति दिन सक्नेछ ।

च) जुन दिन वालुवा उत्खनन् तथा संकलन गरेको हो, सोही दिन विक्रीवितरण गर्ने व्यवस्था अनुमतिकर्ताले मिलाउनु पर्नेछ ।

**५. वालुवा ओसार पसार सम्बन्धी व्यवस्था :**

क) संकलन भएको वालुवा ओसार पसार गर्ने व्यवस्था अनुमति प्राप्त व्यक्तिले मिलाउनुपर्नेछ ।

ख) वालुवा ओसार पसार गर्ने सवारी साधनलाई अनुमतिकर्ताले अनुसूची २ बमोजिमको निस्सा उपलब्ध गराउनु पर्नेछ । उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारी चालकले सुरक्षित राखी चेक जाँचको समयमा देखाउनु पर्नेछ ।

ग) यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधनलाई सुरक्षाकर्मीले जाचपड्ताल गरी आवश्यक कारबाहीको लागि गाउँपालिकामा बुझाइदिनु पर्नेछ ।

घ) वालुवा ढुवानी गर्ने साधन नदीकिनारामा लैजानपाइने छैन ।

**६. अनुगमन सम्बन्धि व्यवस्था :**

क) वर्षात्को समयमा बगेर आउने वालुवाको उत्खनन्, विक्री र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेन बमोजिम भए नभएको नियमित अनुगमन गर्न ***ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७*** को दफा ९ को उपदफा ७ बमोजिम देहायको स्थानीय अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १). गाउँपालिकाअध्यक्ष | संयोजक |
| २) गाउँपालिकाउपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकीयअधिकृत | सदस्य |
| ४) वडा अध्यक्षहरु | सदस्य |
| ५) प्रमुख,प्रशासन, योजनातथाअनुगमनशाखा, | सदस्य |
| ६) प्रमुखइलाकाप्रहरी कार्यालय, ढिकुरे | सदस्य |
| ७) प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य सचिव |

**७. नियम विपरित गर्नेलाई कारबाही हुने :** वातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धि नियमावली, मापदण्ड, वातावरणीय परिक्षण प्रतिवेदन एवं यस कार्यविधिको विपरित कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**८. अनुसूचीमा हेरफेर गर्न सकिने :** यो कार्यविधिमा प्रयोग भएका अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर गर्न सक्नेछ ।

**९. बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१०.प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका कुराहरु बाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन २०७६ एवं प्रचालित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा .४(१)ङ. संग सम्बन्धित)

लिखु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट

इजाजत/चलानी न. मिति :

१. संकलन/उत्खनन् गर्न अनुमतिप्राप्त गर्ने व्यक्तिको

नाम : ठेगाना :

प्रोपाइटरको नाम : सम्पर्क नं.

२. संकलन गर्ने स्थान

ठेगाना :

नदी/खोलाको नाम :

चारकिल्ला

पूर्व : पश्चिम् :

उत्तर : दक्षिण :

लम्बाई : चौडाई :

३. IEE मा उल्लेखित संकलन क्षेत्र :

४. उत्खनन् अनुमतिको परिमाण (घन फिट) :

५. प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नाम :

६. निकाशीमा प्रयोग हुने सवारी साधनको विवरण :

७. अनुमति अवधि : मिति .......................... देखि ............................ सम्म (विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म)

बोधार्थ

श्री ...............................

...................................

(अध्यक्ष)

अनुसुची २

(कार्यविधिको दफा ५(ख) संग सम्बन्धित)

**संकलन अनुमति प्राप्त व्यक्तिले भर्ने :**

१. सामान ढुवानी गर्ने साधनको नाम : ..........    २. गाडि नं.......................

३. समय : .......    ४. सामाग्रीको परिमाण (घन फिट) :..........

५. सामाग्री लैजाने स्थान :    ६. चालकको नाम :

७. लिखु गाउँपालिकाबाट प्राप्त अनुमतिपत्रको चलानी नं............... मिति .....................

अनुमति प्राप्त व्यक्तिको नाम :

दस्तखत :

मिति :

सम्पर्क नं.

आज्ञाले
भिम बहादुर रोक्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत